**Sindhu Bikash Bank Ltd.**
**सिन्धु विकास बैंक लि.**
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको ईजाजत पत्र प्राप्त संस्था
(सिन्धुपाल्चोक, काभ्रे, दोलखा, चितवन र मकवानपुर जिल्ला कार्यक्षेत्र भएको)

**Head Office :** Barhabise, Sindhupalchok, Nepal
Tel: 011-489245/46/47
**Corporate Office :** Banepa, Kavre
Tel: 011-662340/41/51, Fax: 977-11-662346
E-mail: info@sindhubank.com.np
www.sindhubank.com.np

**कर्पोरेट कार्यालय बनेपा, काभ्रे**

च.नं.६८८/०७८/०७९

मितिः २०७९/०३/१९

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौं ।

**बिषयः बाह्रौं बार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिला खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस विकास बैंकको मिति २०७९/०३/१७ गते शुक्रवार बेलुका ५:०० बजे बसेको संचालक समितिको ३५२ औं बैठकको निर्णय बमोजिम यस विकास बैंकको **बाह्रौं बार्षिक साधारण सभा** मिति २०७९/०४/०६ गते शुक्रवार बस्ने भएको हुँदा सो प्रयोजनको लागी मिति २०७९/०३/२७ गते सोमवार १ दिन यस बैंकको शेयर नामसारी दाखिला खारेज बन्द (Book Close) रहने व्यहोरा जानकारीको लागी अनुरोध छ ।

**संलग्नः** राष्ट्रिय दैनिक नयाँ पत्रिकामा प्रकाशित **बाह्रौं बार्षिक साधारण सभा** सम्बन्धी सुचना ।

**बोधार्थः**

श्री नेपाल धितोपत्र बोर्ड, जाउलाखेल, ललितपुर ।
श्री सिडिएस एण्ड क्लियरिङ्ग लि. पुतलिसडक, काठमाण्डौं ।
श्री कम्पनि रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा बित्तिय संस्था नियमन बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री नेपाल राष्ट्र बैंक
बिकास बैंक सुपरिबेक्षण बिभाग बालुवाटार, काठमाण्डौं ।
श्री एनआईबिएलएस क्यापिटल लि. लाजिमपाट, काठमाण्डौं ।

भवदिय,

.............................
पुस्कर जि.सी
कम्पनि सचिव

# Sindhu Bikash Bank Ltd.
# सिन्धु विकास बैंक लि.

**(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त संस्था)**

प्रधान कार्यालय : बाह्रविसे, सिन्धुपाल्चोक
फोन : ०११-४८९२४५/४६

कर्पोरेट कार्यालय : बनेपा, काभ्रे
फोन : ०११-६६२३४०/४१/५०/५१, टोल फ्रि नं. १६६०११२२०१०
E-mail: info@sindhubank.com.np


# बाह्रौं वार्षिक साधारण सभा सम्बन्धी सूचना

***(प्रथम पटक प्रकाशित मिति २०७९/०३/१८ गते)***

***श्री शेयरधनी महानुभावहरु***

यस विकास बैंकको संचालक समितिको मिति २०७९/०३/१७ गते बसेको ३५२औं बैठकको निर्णय बमोजिम यस बैंकको बाह्रौं वार्षिक साधारण सभा निम्न उल्लेखित मिति, समय र स्थानमा देहायका प्रस्तावहरु उपर छलफल गरि निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनि महानुभावहरुलाई सभामा उपस्थित हुनका लागि हार्दिक अनुरोध गर्दछु ।

**सभा हुने मिति, समय र स्थानः**

**मिति** : २०७९ साल श्रावण ६ गते शुक्रबार (तदनुसार २२ जुलाई, २०२२)
**समय** : विहान १०:०० बजे
**स्थान** : .मिरावल रिसोर्ट होटल, धुलिखेल, काभ्रेपलाञ्चोक ।

**छलफलका बिषयहरुः**

**(क) सामान्य प्रस्तावः**

१) आ.व. २०७७/०७८ को संचालक समितिको वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।
२) लेखापरिक्षकको प्रतिवेदन सहित २०७८ आषाढ मसान्तको वासलात, सोही मितिमा समाप्त आ.व.२०७७/७८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र सोही अवधिको वित्तीय विवरणसँग सम्बन्धित अनुसुचीहरु छलफल गरि पारित गर्ने ।
३) लेखा परिक्षण समितिले सिफारिस गरे बमोजिम आ.व.२०७८/७९ का लागि लेखापरिक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।
४) संचालक समितिमा सर्वसाधारण शेयरधनीहरुका तर्फबाट प्रतिनिधित्व गर्ने ३ (तीन) जना संचालकहरुको निर्वाचन गर्ने ।

**ख) बिशेष प्रस्तावः**

१) सञ्चालकको बैंठक भत्ता लगायतका सुविधामा बृद्धि गर्न बैंकको नियमावालीको नियम ३२ (१) मा संशोधन गर्ने सम्वन्धमा ।
२) सिन्धु विकास बैंक र अन्य कुनै उपयुक्त बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने/गाभिने (Merger) वा प्राप्ति (Aquisition) गर्ने सम्बन्धमा बैंकको चल अचल सम्पत्ति र दायित्व तथा कारोवारको मुल्याङ्कन (Due Diligence Audit -DDA) गर्न मान्यता प्राप्त मुल्याङ्कनकर्ता नियुक्त गर्ने, निजको पारिश्रमिक तोक्ने, गाभ्ने, गाभिने प्राप्ति गर्ने सम्बन्धी समझदारी पत्र (Memorandum या Understanding) तर्जुमा गर्ने र आवश्यक अन्य प्रकृया पुरा गरि सो मा हस्ताक्षर गर्ने अधिकारी तोक्ने लगायतका मर्जर वा प्राप्ति सम्बन्धी अन्य आवश्यक सम्पूर्ण प्रकृया पुरा गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।
३) बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संसोधन स्वीकृत गर्ने तथा नियमनकारी निकायहरुबाट थपघट/फेरबदल गर्न निर्देशन प्राप्त भएमा सो अनुसार गर्न संचालक समितिलाई पूर्ण अख्तियारी प्रदान गर्ने सम्बन्धमा ।

**ग) विविध ।**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**बाह्रौं बार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारीः**

१. सभा कक्ष भित्र प्रवेश गर्न बैंकले जारी गरेको प्रवेश पत्र वा शेयर प्रमाणपत्र साथमा लिई आउनु पर्ने छ ।
२. सभामा भाग लिन प्रतिनिधि नियुक्त गर्न चाहनु हुने शेयरधनी महानुभावहरुले बैंकका अर्का शेयरधनी वा कुनै व्यक्तिलाई प्रतिनिधि तोकी सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै बैंकको कर्पोरेट कार्यालय, बनेपा, काभ्रेमा प्रोक्सि बुझाई सक्नु पर्नेछ । सभामा भाग लिनका लागि प्रतिनिधि नियुक्त गरि सकेपछि उक्त प्रतिनिधि बदर गरि अर्को प्रतिनिधि नियुक्त गर्ने भएमा सोको लिखित सूचना सभा सुरु हुनु भन्दा ४८ घन्टा अगावै कर्पोरेट कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ ।
३. कुनै शिर्षक अन्तर्गत प्रश्न गर्न चाहने शेयरधनीले आफुले प्रश्न गर्न चाहेको बिषयबारे सभा हुनु भन्दा ७ (सात) दिन अगावै बैंकलाई जानकारी दिनु पर्नेछ । तर यसलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।
४. शेयरधनी महानुभावहरु सभा सुरु हुनु भन्दा पहिले नै उपस्थित भई दिनुहुन हार्दिक अनुरोध छ र यहाँहरुको सुविधाको लागि हाजिरी पुस्तिका सभा स्थलमा सभा हुने दिन बिहान १०:०० बजे देखि सभा चालु रहेसम्म खुल्ला रहनेछ ।
५. मिति २०७९/०३/२७ गते सोमबारका दिन बैंकको शेयर दाखिला खारेज बन्द रहनेछ ।
६. अन्य विस्तृत जानकारी तथा बार्षिक प्रतिवेदनका लागि बैंकको कर्पोरेट कार्यालयमा सर्म्पक गर्न हुन वा बैंकको वेबसाईटः www.sindhubank.com.np मा हेर्नहुन अथवाः फोन नः. ०११-६६२३४१/४० वा फ्याक्स नं.०११-६६२३४६ (कार्यालय समय भित्र) मा सम्पर्क गर्नुहुन अनुरोध छ ।
७. निर्वाचन सम्बन्धी कार्यक्रम मिति २०७९/०३/२९ गते बुधबार बैंकको कर्पोरेट कार्यालय बनेपा, काभ्रेमा प्रकाशित गरिने छ ।